# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको सूचना विवरण

**(१) निकायको स्वरुप र प्रकृति :**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा सञ्चालित बैंक ।

**(२) निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशिका तथा समय समयमा जारी हुने परिपत्रहरु र बैंकका आन्तरिक नीति, नियम र निर्णयहरुले तोके बमोजिमको काम, कर्तब्य र अधिकार रहेको छ ।

**(३) निकायमा रहने कर्मचारी संख्या र विवरण :**

कार्यरत कूल कर्मचारी संख्या २४६२ रहेको र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत् भइरहेको छ । बैंकको ब्यवस्थापन समितिमा रहेका पदाधिकारीहरुको नाम बैंकको वेभसाइट www.rbb.com.np मा उपलव्ध छ ।

**(४) निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने भनी तोकिएका सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

यस बैंकका सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेभसाइट www.rbb.com.np मा उल्लेख गरिएको छ ।

**(६) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि सबै शाखा कार्यालयहरुमा रहेको नागरिक वडापत्रमा उल्लेख गरिएको छ ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

बैंकको सर्वोच्च निकायको रुपमा संचालक समिति रहेको छ । संचालक समितिको नीति निर्देशन तथा निर्णयहरुको अधिनमा रही ब्यवस्थापकीय प्रमुखको रुपमा कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ भने कार्य प्रकृति अनुसार तहगत रुपमा निर्णय गर्ने व्यवस्था रहेको छ ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागि बैंकको केन्द्रीय स्तरमा बैंकका सञ्चालकज्यू, क्षेत्रीय कार्यालयमा क्षेत्रीय प्रवन्धक र शाखा कार्यालयमा शाखा प्रवन्धकको संयोजकत्वमा गुनासो सुनुवाई समितिको ब्यवस्था गरिएको छ । बैंक सम्वन्धी कुनै गुनासो भएमा gunaso@rbb.com.np मा ईमेल मार्फत पठाउन सकिने व्यवस्था मिलाईएको छ ।

**(९) सम्पादन गरेको कामको विवरण :**

बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम "क"वर्गको ईजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोवारहरु ।

**(१०) सूचना अधिकारीको नाम र पद :**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।

सूचना अधिकारीको नाम : सुशिल श्रेष्ठ
पद : नायव महाप्रवन्धक
राष्ट्रिय वाणिज्य बैंक लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।
फोन नं. ४२५२५९५/२४१६
फ्याक्स :४२५२९३१
इमेल : sushil.shrestha@rbb.com.np

साथै, यस बैंकका सवै शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रवन्धकहरुलाई शाखा कार्यालय स्तरिय सूचना अधिकारीको रुपमा तोकिएको छ ।

**(११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची :**

प्रचलित सम्पूर्ण ऐन, नियमहरु बैंकले पालना गर्नु पर्ने हुन्छ भने देहाय वमोजिमका ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरु बैकिङ्ग कार्यमा प्रमुख रुपमा रहेकाछन् ।

| | | | |
|---|---|---|---|
| १ | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ | २ | नेपाल राष्ट्र बैंक ऐन, २०५८ |
| ३ | बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | ४ | कम्पनी ऐन, २०६३ |
| ५ | बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ | ६ | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ |
| ७ | धितोपत्र सम्बन्धी ऐन, २०६३ | ८ | सुरक्षित कारोवार ऐन, २०६३ |
| ९ | करार ऐन, २०५६ | १० | विनिमय अधिकारपत्र ऐन, २०३४ |
| ११ | विदेशी विनिमय(नियमित गर्ने) ऐन, २०१९ । | १२ | नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशिका तथा निर्देशनहरु । |
| १३ | बैंकले तर्जुमा गरेका विभिन्न विनियमावली, निर्देशिका, कार्यविधि तथा नीतिगत व्यवस्थाहरु । | | |

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नुका साथै बैंकको वेभसाइट www.rbb.com.np मा समेत राखिएको छ ।

**(१३) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यसप्रकार रहेको छ :

किरण कुमार श्रेष्ठ
राष्ट्रिय वाणिज्य बैंक लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।
फोन नं.: ४२५२५९५/२८१४,२८१५
इमेल : kiran.shrestha@rbb.com.np

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :**

यस बैंकले बैकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आइरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**(१५) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण :**

website : www.rbb.com.np

**(१६) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरण :**

बैंकको वित्तीय विवरणहरु बैंकको वेभसाइटमा तथा राष्ट्रिय स्तरको पत्रिकामा त्रैमासिक रुपमा प्रकाशित गर्ने गरिएको छ । साथै, अन्य विभिन्न विषयमा जानकारी तथा तथ्यांकहरु बैंकको वेभसाइटमा राखिएको छ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
तपाईंको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ
फोन :४२५२५९५, फ्याक्स :४२५२९३१